देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८२/८३ को वार्षिक तथ्याङ्क (२०८३ असार) मा आधारित)

प्रमुख झलक

- आर्थिक वर्ष २०८२/८३ मा आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहेको अनुमान छ । अघिल्लो वर्ष आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहेको थियो ।
- २०८३ असार महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.१४ प्रतिशत र आर्थिक वर्ष २०८२/८३ को औसत मुद्रास्फीति ३.०८ प्रतिशत रहेको छ ।
- कुल विदेशी विनिमय सञ्चिति रु.३८९७ अर्ब ६७ करोड रहेको छ। अमेरिकी डलरमा उक्त सञ्चिति २५ अर्ब ३१ करोड पुगेको छ । यस्तो सञ्चिति १९.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।
- चालु खाता रु.९२३ अर्ब ५६ करोड र शोधनान्तर रु.१०२७ अर्ब ०४ करोड बचतमा रहेको छ ।
- समिक्षा अवधिमा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ३७.१ प्रतिशतले र अमेरिकी डलरमा २८.१ प्रतिशतले बढेको छ। चालु आर्थिक वर्षको असार महिनाको विप्रेषण आप्रवाह रु.२४२ अर्ब ३३ करोड रहेको छ।
- निर्यात १३.८ प्रतिशतले र आयात १६.२ प्रतिशतले बढेको छ ।
- नेपाल सरकारको खर्च रु.१५८२ अर्ब १७ करोड र राजस्व परिचालन रु.१२४१ अर्ब ३२ करोड रहेको छ।
- विस्तृत मुद्राप्रदाय १३.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो मुद्राप्रदाय १२.५ प्रतिशतले बढेको थियो ।
- बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन १३.९ प्रतिशतले वृद्धि भई रु.८२७६ अर्ब ९३ करोड पुगेको छ भने निजी क्षेत्रमा प्रवाहित कर्जा ६.५ प्रतिशतले वृद्धि भई रु.५८५७ अर्ब ६ करोड पुगेको छ।
- बैंक तथा वित्तीय संस्थाहरूबीचको भारित औसत अन्तरबैंक दर २.७५ प्रतिशत र ९१-दिन अवधि भएको ट्रेजरी बिलको भारित औसत ब्याजदर २.३२ प्रतिशत रहेको छ।
- वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ३.२१ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ६.५५ प्रतिशत रहेको छ।

नेपाल राष्ट्र बैंक
आर्थिक अनुसन्धान विभाग

२०८३ भाद्र १०

वास्तविक क्षेत्र

१. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा आर्थिक वृद्धि ३.८५ प्रतिशत रहेको अनुमान छ। कृषि क्षेत्रको वृद्धि १.५८ प्रतिशत, उद्योग क्षेत्रको ५.६७ प्रतिशत र सेवा क्षेत्रको वृद्धि ४.२१ प्रतिशत रहेको अनुमान छ।

२. आर्थिक वर्ष २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २४.०३ प्रतिशत, १४.१६ प्रतिशत र ६१.८१ प्रतिशत रहेको छ (तालिका १)।

तालिका १ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशतमा)

क्षेत्र	२०८०/८१	२०८१/८२ सं	२०८२/८३ प्रा.
कृषि*	२४.४६	२४.५०	२४.०३
उद्योग	१३.६०	१३.७०	१४.१६
सेवा	६१.९४	६१.८०	६१.८१
यथार्थ कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर			
आर्थिक वृद्धिदर	**३.६८**	**४.४३**	**३.८५**
कृषि*	३.१०	३.०५	१.५८
उद्योग	०.२१	३.३१	५.६७
सेवा	४.४९	४.३६	४.२१

*कृषि, वन तथा मत्स्यपालन
प्रा. प्रारम्भिक अनुमान
सं. संशोधित अनुमान
स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय

३. आर्थिक वर्ष २०८२/८३ मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ९.७१ प्रतिशत रहेको छ। कुल स्थिर पुँजी निर्माण र कुल राष्ट्रिय बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः २६.२६ प्रतिशत र ४४.७७ प्रतिशत रहेको छ।

४. आर्थिक वर्ष २०८२/८३ मा कुल विद्युत्‌को जडित क्षमता वृद्धि भई ४,१२० मेगावाट पुगेको छ। जडित क्षमतामध्ये जलविद्युत् ३,९०५ मेगावाट रहेको छ।

५. आर्थिक वर्ष २०८२/८३ मा कुल पर्यटक आगमन ०.९५ प्रतिशतले वृद्धि भई ११,५८,४५९ पुगेको छ।

मुद्रास्फीति

उपभोक्ता मुद्रास्फीति

६. २०८३ असारमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.१४ प्रतिशत रहेको छ। २०८२ असार महिनामा यस्तो मुद्रास्फीति २.२० प्रतिशत रहेको थियो।

७. आर्थिक वर्ष २०८२/८३ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.०८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ४.०६ प्रतिशत रहेको थियो।

चार्ट १: वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति



८. अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०८२/८३ मा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उप-समूहको मूल्यवृद्धि १०.०५ प्रतिशत, फलफूलको ७.०९ प्रतिशत र गैर-मदिराजन्य पेय पदार्थको ३.२८ प्रतिशत रहेको छ भने तरकारी उप-समूहको मूल्य सूचकाङ्क ३.९५ प्रतिशत, मरमसलाको ३.६६ प्रतिशत र दाल तथा गेडागुडीको ३.४१ प्रतिशतले ऋणात्मक रहेको छ।

तालिका २ : वार्षिक औसत उपभोक्ता मुद्रास्फीति				
विवरण	भाराङ्क	प्रतिशत		
		२०८०/८१	२०८१/८२	२०८२/८३
समग्र मुद्रास्फीति	१००	५.४४	४.०६	३.०८
खाद्य तथा पेय पदार्थ	३५.४९	६.४७	४.६९	१.०४
गैर-खाद्य तथा सेवा	६४.५१	४.६४	३.७१	४.२१

९. साथै, गैर-खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवाहरु उप-समूहको मूल्यवृद्धि १७.६१ प्रतिशत, शिक्षाको ७.०४ प्रतिशत, यातायातको ५.८० प्रतिशत र कपडा तथा जुत्ताचप्पलको ५.५६ प्रतिशत रहेको छ भने बीमा तथा वित्तीय सेवाहरुको सूचकाङ्क ०.०१ प्रतिशतले ऋणात्मक रहेको छ।

खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति

१०. आर्थिक वर्ष २०८२/८३ मा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति १.०४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष उक्त समूहको यस्तो मुद्रास्फीति ४.६९ प्रतिशत रहेको थियो।

११. २०८३ असार महिनामा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.२५ प्रतिशत रहेको छ। २०८२ असार महिनामा उक्त समूहको यस्तो मुद्रास्फीति १.१९ प्रतिशतले ऋणात्मक रहेको थियो।

गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति

१२. आर्थिक वर्ष २०८२/८३ मा गैर-खाद्य तथा सेवा समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.२१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष उक्त समूहको यस्तो मुद्रास्फीति ३.७१ प्रतिशत रहेको थियो।

१३. २०८३ असार महिनामा गैर-खाद्य तथा सेवा समूहको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.०८ प्रतिशत रहेको छ। २०८२ असार महिनामा उक्त समूहको यस्तो मुद्रास्फीति ४.१२ प्रतिशत रहेको थियो।

क्षेत्रगत उपभोक्ता मुद्रास्फीति

१४. आर्थिक वर्ष २०८२/८३ मा काठमाडौं उपत्यकाको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.१६ प्रतिशत, तराईको ३.२८ प्रतिशत, पहाडको २.८१ प्रतिशत र हिमालको २.७३ प्रतिशत रहेको छ।

१५. २०८३ असार महिनामा काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.८० प्रतिशत, तराईको ५.६३ प्रतिशत, पहाडको ४.९७ प्रतिशत र हिमालको ४.०४ प्रतिशत रहेको छ।

ग्रामीण र शहरी उपभोक्ता मुद्रास्फीति

१६. आर्थिक वर्ष २०८२/८३ मा ग्रामीण क्षेत्रको वार्षिक औसत उपभोक्ता मूल्य सूचकाङ्क २.६५ प्रतिशत र शहरी क्षेत्रको ३.२२ प्रतिशतले बढेको छ।

१७. २०८३ असार महिनामा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ४.९९ प्रतिशतले र शहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ५.१९ प्रतिशतले बढेको छ।

प्रदेशगत उपभोक्ता मुद्रास्फीति

१८. प्रदेशगत रुपमा आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.७७ प्रतिशत, मधेश प्रदेशको ३.६५ प्रतिशत, बागमती प्रदेशको २.७९ प्रतिशत, गण्डकी प्रदेशको २.५९ प्रतिशत, लुम्बिनी प्रदेशको ३.२९ प्रतिशत, कर्णाली प्रदेशको २.६० प्रतिशत र सुदूरपश्चिम प्रदेशको २.०५ प्रतिशत रहेको छ।

१९. २०८३ असार महिनामा कोशी प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.६१ प्रतिशत, मधेश प्रदेशको ५.९४ प्रतिशत, बागमती प्रदेशको ४.६८ प्रतिशत, गण्डकी प्रदेशको ५.१२ प्रतिशत, लुम्बिनी प्रदेशको ५.२५ प्रतिशत, कर्णाली प्रदेशको ५.०१ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ४.२७ प्रतिशत रहेको छ।

नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति

२०. २०८३ असार महिनामा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.१४ प्रतिशत रहेको छ। सन् २०२६ जुलाई महिनामा भारतको यस्तो मुद्रास्फीति ४.४५ प्रतिशत रहेको छ।

थोक मुद्रास्फीति

२१. आर्थिक वर्ष २०८२/८३ मा वार्षिक औसत थोक मुद्रास्फीति ४.२७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ३.८४ प्रतिशत रहेको थियो।

२२. २०८३ असार महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ६.६७ प्रतिशत रहेको छ। २०८२ असार महिनामा यस्तो मुद्रास्फीति १.०५ प्रतिशत रहेको थियो।

तलब तथा ज्याला सूचकाङ्क

२३. आर्थिक वर्ष २०८२/८३ मा वार्षिक औसत तलब तथा ज्यालादर सूचकाङ्क ५.७९ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्ष यस्तो सूचकाङ्क २.८५ प्रतिशतले वृद्धि भएको थियो।

२४. २०८३ असार महिनामा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ६.७० प्रतिशतले वृद्धि भएको छ। २०८२ असार महिनामा यस्तो सूचकाङ्क २.६३ प्रतिशतले वृद्धि भएको थियो।

२५. प्रदेशगत रुपमा समीक्षा अवधिमा कोशी प्रदेशको वार्षिक बिन्दुगत तलब तथा ज्याला सूचकाङ्कको वृद्धिदर ७.५२ प्रतिशत, मधेश प्रदेशको ६.५३ प्रतिशत, बागमती प्रदेशको ५.१८ प्रतिशत, गण्डकी प्रदेशको ११.३२ प्रतिशत, लुम्बिनी प्रदेशको ८.२२ प्रतिशत, कर्णाली प्रदेशको १.२६ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ५.८२ प्रतिशत रहेको छ।

बाह्य क्षेत्र

वैदेशिक व्यापार

२६. आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु निर्यात १३.८ प्रतिशतले वृद्धि भई रु.३१५ अर्ब २९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात ८१.८ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारत र अन्य मुलुकतर्फको निर्यात क्रमशः १५.१ प्रतिशत र १०.१ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा २८.० प्रतिशतले कमी आएको छ। वस्तुगत आधारमा भटमासको तेल, पाम तेल, अलैंची, जुटका सामान, चाउचाउलगायतका वस्तुको निर्यात बढेको छ भने जिङ्क सिट, पार्टिकल बोर्ड, चिया, ऊनी गलैंचा, हस्तकलाका सामान तथा अन्य हस्तकलालगायतका वस्तुको निर्यात घटेको छ।

चार्ट २: वैदेशिक व्यापार (वार्षिक)



२७. आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु आयात १६.२ प्रतिशतले वृद्धि भई रु.२०९६ अर्ब ३८ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात १३.३ प्रतिशतले वृद्धि भएको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः १३.० प्रतिशत, २४.७ प्रतिशत र १७.५ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, चाँदी, यातायातका उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, रासायनिक मल, अन्य मेशिनरी तथा पार्टस्लगायतका वस्तुको आयात बढेको छ भने खाने तेल, हट रोल्ड शिट इन क्वाइल, लसुन, अलकत्रा, एम.एस.विलेटलगायतका वस्तुको आयात घटेको छ।

२८. आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु व्यापार घाटा १६.६ प्रतिशतले वृद्धि भई रु.१७८१ अर्ब ९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो घाटा ६.० प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा निर्यात-आयात अनुपात १५.० प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात १५.४ प्रतिशत रहेको थियो।

२९. समीक्षा वर्षमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु.१९७ अर्ब २५ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्ष यस्तो आयात रु.१८१ अर्ब १५ करोड बराबरको भएको थियो।

वैदेशिक व्यापारको संरचना

३०. बृहत् आर्थिक वर्गीकरणअनुसार समीक्षा वर्षमा भएको कुल निर्यातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः ६९.० प्रतिशत, ३०.४ प्रतिशत र ०.६ प्रतिशत रहेको छ। अघिल्लो वर्ष भएको कुल निर्यातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः ६७.७ प्रतिशत, ३१.४ प्रतिशत र ०.९ प्रतिशत रहेको थियो।

३१. समीक्षा वर्षमा भएको कुल आयातमा अन्तिम उपभोग्य, मध्यवर्ती र पुँजीगत वस्तुको अनुपात क्रमशः ३९.० प्रतिशत, ५१.४ प्रतिशत र ९.६ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यी अनुपातहरू क्रमशः ३९.१ प्रतिशत, ५१.७ प्रतिशत र ९.२ प्रतिशत रहेको थियो।

निर्यात-आयात मूल्य सूचकाङ्क

३२. वार्षिक विन्दुगत आधारमा २०८३ असार महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्कमा (Unit Value Index) ६.५ प्रतिशतले वृद्धि भएको छ भने आयात मूल्य सूचकाङ्कमा १५.१ प्रतिशतले वृद्धि भएको छ। २०८३ असार महिनामा व्यापारको सर्त (Terms of Trade) ७.५ प्रतिशतले घटेको छ।

सेवा

३३. आर्थिक वर्ष २०८२/८३ मा खुद सेवा आय रु.७३ अर्ब ६० करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष खुद सेवा आय रु.९० अर्ब ३० करोडले घाटामा रहेको थियो।

३४. सेवा खाताअन्तर्गत समीक्षा वर्षमा भ्रमण आय १.५ प्रतिशतले वृद्धि भई रु.९० अर्ब ०५ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो आय रु.८८ अर्ब ७१ करोड रहेको थियो।

तालिका ३: शोधनान्तर सम्बन्धी केही परिसूचकहरू

विवरण	रकम (रु.अर्बमा)		प्रतिशत परिवर्तन	
	२०८१/८२सं	२०८२/८३अ	२०८१/८२सं	२०८२/८३अ
भ्रमण आय	८८.७१	९०.०५	७.७	१.५
भ्रमण व्यय	२२३.७२	२०९.१०	१८.१	-६.५
जसमध्ये शिक्षातर्फ	१३८.४८	१४१.९२	१०.७	२.५
विप्रेषण आप्रवाह	१७२३.२७	२३६३.१३	१९.२	३७.१
प्रत्यक्ष लगानी आप्रवाह (ईक्वीटी मात्र)	१२.०२	२८.४९	४१.८	१३७.०

सं-संशोधित अ-अनुमानित

३५. समीक्षा वर्षमा सेवा खाता अन्तर्गत भ्रमण व्यय ६.५ प्रतिशतले कमी भई रु.२०९ अर्ब १० करोड कायम भएको छ। यसमध्ये शिक्षातर्फको व्यय रु.१४१ अर्ब ९२ करोड रहेको छ। अघिल्लो वर्ष भ्रमण व्यय रु.२२३ अर्ब ७२ करोड रहेकोमा शिक्षातर्फको व्यय रु.१३८ अर्ब ४८ करोड रहेको थियो।

विप्रेषण आप्रवाह

३६. आर्थिक वर्ष २०८२/८३ मा विप्रेषण आप्रवाह ३७.१ प्रतिशतले वृद्धि भई रु.२३६३ अर्ब १३ करोड पुगेको छ। अघिल्लो वर्ष विप्रेषण आप्रवाह १९.२ प्रतिशतले बढेको थियो। २०८३ असार महिनामा विप्रेषण आप्रवाह रु.२४२ अर्ब ३३ करोड रहको छ। अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह रु.१८९ अर्ब ११ करोड रहेको थियो।

३७. समीक्षा वर्षमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह २८.१ प्रतिशतले वृद्धि भई १६ अर्ब १९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १६.३ प्रतिशतले बढेको थियो।

३८. समीक्षा वर्षमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु.२५८१ अर्ब ५३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आय रु.१८७४ अर्ब ३० करोड रहेको थियो।

३९. समीक्षा वर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या ४०६,५१९ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या ३८५,७८३ रहेको छ। अघिल्लो वर्ष यस्तो सङ्ख्या क्रमशः ५०५,९५७ र ३३३,३०९ रहेको थियो।

चालु खाता एवम् शोधनान्तर स्थिति

४०. आर्थिक वर्ष २०८२/८३ मा चालु खाता रु.९२३ अर्ब ५६ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष चालु खाता रु.४०९ अर्ब ८४ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष ३ अर्ब १ करोडले बचतमा रहेको चालु खाता समीक्षा वर्षमा ६ अर्ब ३३ करोडले बचतमा रहेको छ।

४१. समीक्षा वर्षमा खुद पुँजीगत ट्रान्सफर रु.१८ अर्ब ५० करोड रहेको छ। अघिल्लो वर्ष यस्तो ट्रान्सफर रु.९ अर्ब ८४ करोड रहेको थियो। यसैगरी, समीक्षा वर्षमा रु.२८ अर्ब ४९ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ। अघिल्लो वर्ष यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) रु.१२ अर्ब २ करोड रहेको थियो।

४२. समीक्षा वर्षमा शोधनान्तर स्थिति रु.१०२७ अर्ब ४ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.५९४ अर्ब ५४ करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्ष ४ अर्ब ३७ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा वर्षमा ७ अर्ब ५ करोडले बचतमा रहेको छ।

कुल विदेशी विनिमय सञ्चिति

४३. २०८२ असार मसान्तमा रु.२६७७ अर्ब ६८ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ४५.६ प्रतिशतले वृद्धि भई २०८३ असार मसान्तमा रु.३८९७ अर्ब ६७ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०८२ असार मसान्तमा १९ अर्ब ५० करोड रहेकोमा २०८३ असार मसान्तमा २९.८ प्रतिशतले वृद्धि भई २५ अर्ब ३१ करोड पुगेको छ।

चार्ट ३: कुल विदेशी विनिमय सञ्चिति (असार मसान्त)



४४. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८२ असार मसान्तमा रु.२४१४ अर्ब ६४ करोड रहेकोमा २०८३ असार मसान्तमा ४३.८ प्रतिशतले वृद्धि भई रु.३४७३ अर्ब १९ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८२ असार मसान्तमा रु.२६३ अर्ब ४ करोड रहेकोमा २०८३ असार मसान्तमा ६१.४ प्रतिशतले वृद्धि भई रु.४२४ अर्ब ४८ करोड कायम भएको छ। २०८३ असार मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.३ प्रतिशत रहेको छ।

सञ्चिति पर्याप्तता सूचक

४५. आर्थिक वर्ष २०८२/८३ को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २३ महिनाको वस्तु आयात र १९.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। २०८३ असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ६३.८ प्रतिशत, १६३.४ प्रतिशत र ४३.८ प्रतिशत रहेका छन्। २०८२ असार मसान्तमा उक्त अनुपातहरू क्रमशः ४३.८ प्रतिशत, १२८.१ प्रतिशत र ३४.१ प्रतिशत रहेका थिए।

बाह्य लगानी स्थिति

४६. २०८३ असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति रु.४२६२ अर्ब ८४ करोड तथा दायित्व रु.२४४६ अर्ब १० करोड रहेको छ । फलस्वरूप, खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति (Net International Investment Position) रु.१८१६ अर्ब ७४ करोडले बचतमा रहेको छ । २०८२ असार मसान्तमा खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति रु.७७९ अर्ब ७७ करोडले बचतमा रहेको थियो ।

कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

४७. अन्तर्राष्ट्रिय बजारमा २०८२ असार मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ६९.६७ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०८३ असार मसान्तमा १६.६ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ८१.२३ कायम भएको छ । त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०८२ असार मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर ३३२३.८० रहेकोमा २०८३ असार मसान्तमा २०.२ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३९९३.५५ पुगेको छ ।

विनिमय दर

४८. २०८२ असार मसान्तको तुलनामा २०८३ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १०.९ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ २.७ प्रतिशतले अवमूल्यन भएको थियो । २०८३ असार मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१५३.७२ पुगेको छ । २०८२ असार मसान्तमा उक्त विनिमय दर रु.१३७.० रहेको थियो ।

सरकारी वित्त स्थिति

प्रमुख वित्त परिसूचकहरु

४९. आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारको वित्त घाटा कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १.७ प्रतिशत पुगेको छ । अघिल्लो वर्ष यस्तो घाटा २.० प्रतिशत रहेको थियो । त्यसैगरी, समीक्षा अवधिमा राजस्व सन्तुलन र प्राथमिक सन्तुलन कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः ०.६ प्रतिशतले बचतमा र ०.६ प्रतिशतले घाटामा रहेका छन् । अघिल्लो वर्ष यस्ता सन्तुलनहरु क्रमशः ०.९ प्रतिशतले बचतमा र ०.९ प्रतिशतले घाटामा रहेका थिए (चार्ट ४) ।

चार्ट ४: प्रमुख वित्त परिसूचकहरु (असार) (वार्षिक बिन्दुगत)



खर्च तथा राजस्व

५०. नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारको कुल खर्च रु.१५८२ अर्ब १७ करोड रहेको छ । यसमध्ये चालु खर्च रु.१०४३ अर्ब ९९ करोड, पुँजीगत खर्च रु.१९० अर्ब ८४ करोड र वित्तीय व्यवस्था खर्च रु.३४७ अर्ब ३३ करोड रहेको छ (तालिका ४) ।

५१. समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.१२४१ अर्ब ३२ करोड पुगेको छ। यसअन्तर्गत कर राजस्व रु.११२१ अर्ब ०८ करोड र गैरकर राजस्व रु.१२० अर्ब २४ करोड परिचालन भएको छ (तालिका ४)।

तालिका ४: सरकारी खर्च तथा राजस्वको स्थिति

विवरण	रकम (रु.अर्बमा)			प्रतिशत परिवर्तन	
	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८१/८२	२०८२/८३
कुल खर्च	**१३९३.४०**	**१५१३.२५**	**१५८२.१७**	**८.६**	**४.६**
चालु खर्च	*९२९.१३*	*९५६.५९*	*१०४३.९९*	*३.०*	*९.१*
पुँजीगत खर्च	*१९२.०३*	*२२३.९८*	*१९०.८४*	*१६.६*	*-१४.८*
वित्तीय व्यवस्था	*२७२.२५*	*३३२.६८*	*३४७.३३*	*२२.२*	*४.४*
कुल राजस्व परिचालन	**१०५८.८७**	**११७८.८२**	**१२४१.३२**	**११.३**	**५.३**
कर राजस्व	*९४४.५५*	*१०४९.८८*	*११२१.०८*	*११.२*	*६.८*
गैर-कर राजस्व	*११४.३१*	*१२८.९४*	*१२०.२४*	*१२.८*	*-६.८*

स्रोत : महालेखा नियन्त्रक कार्यालय

सरकारी राजस्वको संरचना

चार्ट ५: राजस्वको संरचना (असार)



५२. समीक्षा अवधिमा कुल राजस्वमा अप्रत्यक्ष करको अंश ६५.० प्रतिशत, प्रत्यक्ष करको अंश २४.७ प्रतिशत, गैर-कर राजस्वको अंश ९.६ प्रतिशत र अन्य प्राप्तिको अंश ०.६ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिको तुलनामा अप्रत्यक्ष करको अंश बढेको छ भने प्रत्यक्ष कर, गैर-कर राजस्व र अन्य प्राप्तिको अंश घटेको छ (चार्ट ५)।

ऋण परिचालन

५३. आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले रु.३५८ अर्ब ६६ करोड आन्तरिक ऋण परिचालन गरेको छ भने रु.२५० अर्ब ५६ करोड साँवा भुक्तानी गरेको छ। यसर्थ, यस अवधिमा रु.१०८ अर्ब १० करोड खुद आन्तरिक ऋण परिचालन भएको छ। यो रकम कुल गार्हस्थ्य उत्पादनको १.६ प्रतिशत हुन आउदछ। यस अवधिमा सरकारले रु.८८ अर्ब ५० करोड बाह्य ऋण परिचालन गरेको छ।

तालिका ५: सरकारी ऋणको स्थिति

शीर्षक	रकम (रु.अर्बमा)			कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात		
	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८०/८१	२०८१/८२	२०८२/८३
बाह्य ऋण	१२५३.२०	१४०१.४२	१५९९.४८	२१.७६	२२.६०	२४.२३
आन्तरिक ऋण	११८०.९०	१२६८.२२	१३७५.४२	२०.५०	२०.४६	२०.८४
कुल ऋण	२४३४.१०	२६६९.६५	२९७४.९०	४२.२६	४३.०६	४५.०७

स्रोत : सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

५४. २०८३ असार मसान्तमा नेपाल सरकारको कुल तिर्न बाँकी ऋण रु.२९७४ अर्ब ९० करोड पुगेको छ। जसमध्ये, बाह्य ऋण रु.१५९९ अर्ब ४८ करोड र आन्तरिक ऋण रु.१३७५ अर्ब ४२ करोड रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४५.०७ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष यस्तो ऋण कुल गार्हस्थ्य उत्पादनको ४३.०६ प्रतिशत रहेको थियो (तालिका ५)।

नेपाल सरकारको नगद मौज्दात

५५. २०८३ असार मसान्तमा यस बैंकमा रहेका नेपाल सरकारका विभिन्न खातामा (अघिल्लो आर्थिक वर्षको मौज्दातसमेत गरी) रु.२७७ अर्ब ४५ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ । २०८२ असार मसान्तमा यस्तो मौज्दात रु.१३७ अर्ब ७८ करोड रहेको थियो ।

प्रदेश सरकार

खर्च तथा राजस्व

५६. समीक्षा अवधिमा प्रदेश सरकारहरूको कुल खर्च रु.१८३ अर्ब ९७ करोड र स्रोत परिचालन रु.२१६ अर्ब २३ करोड रहेको छ । प्रदेश सरकारहरूको कुल स्रोत परिचालनमा नेपाल सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.१५९ अर्ब ४२ करोड र प्रदेश सरकारहरूले परिचालन गरेको तथा अन्य स्रोतबाट प्राप्त राजस्व रु.५५ अर्ब २६ करोड रहेको छ ।

मौद्रिक स्थिति

मुद्राप्रदाय

५७. आर्थिक वर्ष २०८२/८३ मा विस्तृत मुद्राप्रदाय १३.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त मुद्राप्रदाय १२.५ प्रतिशतले बढेको थियो ।

५८. समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.१०२७ अर्ब ४ करोड (३८.५ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्ष उक्त सम्पत्ति रु.५९४ अर्ब ५४ करोड (२९.९ प्रतिशत) ले बढेको थियो ।

५९. खुला बजार कारोबार र नेपाल राष्ट्र बैंक ऋणपत्र जारी गरी अधिक तरलता प्रशोचन गरिएकोले समीक्षा वर्षमा सञ्चित मुद्रा ५.६ प्रतिशतले मात्र बढेको छ । अघिल्लो वर्ष यस्तो मुद्रा १६.१ प्रतिशतले बढेको थियो ।



मौद्रिक क्षेत्रको आन्तरिक दाबी

६०. आर्थिक वर्ष २०८२/८३ मा मौद्रिक क्षेत्रको कुल आन्तरिक दाबी २.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यस्तो दाबी ६.१ प्रतिशतले बढेको थियो ।

६१. समीक्षा वर्षमा मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दाबी २५.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष यस्तो दाबी ४.१ प्रतिशतले घटेको थियो ।

६२. समीक्षा वर्षमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ६.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो दाबी ८.१ प्रतिशतले बढेको थियो ।

निक्षेप परिचालन

६३. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १३.९ प्रतिशत (रु.१०१३ अर्ब ५ करोड) ले वृद्धि भई रु.८२७६ अर्ब ९३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप १२.६ प्रतिशत (रु.८११ अर्ब ४९ करोड) ले बढेको थियो।

तालिका ६: बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेपको अंश (प्रतिशतमा)

निक्षेप	असार मसान्त		
	२०८१	२०८२	२०८३
चल्ती	५.८	७.१	८.१
बचत	३०.३	३६.८	४७.०
मुद्दती	५६.४	४८.३	३५.३
अन्य	७.५	७.८	९.५

६४. २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ८.१ प्रतिशत, ४७.० प्रतिशत र ३५.३ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः ७.१ प्रतिशत, ३६.८ प्रतिशत र ४८.३ प्रतिशत रहेको थियो (तालिका ६)।

६५. २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३३.९ प्रतिशत रहेको छ। २०८२ असार मसान्तमा यस्तो निक्षेपको अंश ३६.१ प्रतिशत रहेको थियो।

कर्जा प्रवाह

६६. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ६.५ प्रतिशत (रु.३५९ अर्ब ३६ करोड) ले वृद्धि भई रु.५८५७ अर्ब ६ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा ८.४ प्रतिशत (रु.४२३ अर्ब ७३ करोड) ले बढेको थियो।



६७. २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैरवित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६२.१ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३७.९ प्रतिशत रहेको छ। अघिल्लो वर्षमा यस्तो अंश क्रमशः ६२.८ प्रतिशत र ३७.२ प्रतिशत रहेको थियो।

६८. समीक्षा वर्षमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको ६.५ प्रतिशत, विकास बैंकहरूको ७.० प्रतिशत र वित्त कम्पनीहरूको ५.४ प्रतिशतले बढेको छ।

६९. २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये चालु सम्पत्ति (कृषि तथा गैरकृषिजन्य वस्तु) को सुरक्षणमा १५.१ प्रतिशत रहेको छ भने घरजग्गा धितो सुरक्षणमा ६२.९ प्रतिशत रहेको छ। २०८२ असार मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अंश क्रमशः १४.५ प्रतिशत र ६४.७ प्रतिशत रहेको थियो।

७०. आर्थिक वर्ष २०८२/८३ मा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये निर्माण क्षेत्रतर्फको कर्जा १८.६ प्रतिशत, उपभोग्य क्षेत्रतर्फको कर्जा १७.८ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १५.० प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ५.२ प्रतिशत, वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रतर्फको कर्जा ५.० प्रतिशत, र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ४.४ प्रतिशतले बढेको छ भने कृषि क्षेत्रतर्फको कर्जा १.८ प्रतिशतले घटेको छ।

७१. समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जामध्ये ट्रष्ट रिसिट (आयात) कर्जा ३२.२ प्रतिशत, मार्जिन प्रकृतिको कर्जा १८.३ प्रतिशत, हायर पर्चेज कर्जा ११.१ प्रतिशत, माग तथा अन्य चालु पुँजी कर्जा ७.३ प्रतिशत, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) ६.९ प्रतिशत, अधिविकर्ष कर्जा ५.२ प्रतिशत र आवधिक कर्जा ४.३ प्रतिशतले बढेको छ भने क्यास क्रेडिट कर्जा १.८ प्रतिशतले घटेको छ।

तरलता व्यवस्थापन

७२. समीक्षा वर्षमा निक्षेप सङ्कलन बोलकबोलमार्फत रु.३६२० अर्ब ३० करोड, स्थायी निक्षेप सुविधामार्फत रु.३८,४९५ अर्ब ९५ करोड र नेपाल राष्ट्र बैंक ऋणपत्रमार्फत रु.४०० अर्ब गरी कुल रु.४२,५१६ अर्ब २५ करोड (कारोबारमा आधारित) तरलता प्रशोचन र ओभरनाइट तरलता सुविधामार्फत रु.१२ अर्ब ५० करोड तरलता प्रवाह गरी खुद रु.४२,५०३ अर्ब ७५ करोड बराबरको तरलता प्रशोचन भएको छ। अघिल्लो वर्ष मौद्रिक व्यवस्थापनका विभिन्न उपकरणहरूमार्फत पटक-पटक गरी खुद रु.२४,६४८ अर्ब ४५ करोड तरलता प्रशोचन गरिएको थियो।

७३. समीक्षा वर्षमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ८ अर्ब ५ करोड खुद खरिद गरी रु.११७२ अर्ब १४ करोड तरलता प्रवाह गरेको छ। अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर ५ अर्ब ८३ करोड खुद खरिद गरी रु.७८७ अर्ब तरलता प्रवाह गरेको थियो।

७४. समीक्षा वर्षमा अमेरिकी डलर ४ अर्ब ८४ करोड बिक्री गरी रु.७१० अर्ब ३६ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ। अघिल्लो वर्ष अमेरिकी डलर ४ अर्ब १६ करोड बिक्री गरी रु.५६७ अर्ब ६१ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो।

अन्तरबैंक कारोबार

७५. आर्थिक वर्ष २०८२/८३ मा वाणिज्य बैंकहरूको रु.१००४ अर्ब ८६ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) को रु.१४८ अर्ब ८५ करोड गरी कुल रु.११५३ अर्ब ७१ करोडको अन्तरबैंक कारोबार भएको छ। अघिल्लो वर्ष वाणिज्य बैंकहरूको रु.१५७१ अर्ब ८६ करोड र अन्य वित्तीय संस्थाहरूको रु.१५१ अर्ब ७३ करोड गरी कुल रु.१७२३ अर्ब ५९ करोडको अन्तरबैंक कारोबार भएको थियो।

ब्याजदर

७६. २०८२ असार महिनामा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २.९५ प्रतिशत रहेकोमा २०८३ असार महिनामा उक्त दर २.३२ प्रतिशत रहेको छ। बैंक तथा वित्तीय संस्थाहरूबीचको भारित औसत अन्तरबैंक दर २०८२ असार महिनामा २.९६ प्रतिशत रहेकोमा २०८३ असार महिनामा २.७५ प्रतिशत रहेको छ (तालिका ७)।

तालिका ७: भारित औसत ब्याजदर (प्रतिशत)

शीर्षक	२०८२ असार	२०८३ असार
९१-दिने ट्रेजरी बिल	२.९५	२.३२
अन्तरबैंक दर	२.९६	२.७५
औसत आधार दर		
वाणिज्य बैंक	६.०२	४.८३
विकास बैंक	८.०३	६.५८
वित्त कम्पनी	८.९७	७.०९
निक्षेपको ब्याजदर		
वाणिज्य बैंक	४.१९	३.२१
विकास बैंक	४.८८	३.५६
वित्त कम्पनी	६.०१	४.३१
कर्जाको ब्याजदर		
वाणिज्य बैंक	७.८५	६.५५
विकास बैंक	८.९५	७.७०
वित्त कम्पनी	१०.२२	८.५५

७७. २०८३ असार महिनामा वाणिज्य बैंकहरूको औसत आधार दर ४.८३ प्रतिशत, विकास बैंकहरूको ६.५८ प्रतिशत र वित्त कम्पनीहरूको ७.०९ प्रतिशत रहेको छ। २०८२ असार महिनामा वाणिज्य बैंकहरूको औसत आधार दर ६.०२ प्रतिशत, विकास बैंकहरूको ८.०३ प्रतिशत र वित्त कम्पनीहरूको ८.९७ प्रतिशत रहेको थियो।

७८. २०८३ असार महिनामा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ३.२१ प्रतिशत, विकास बैंकहरूको ३.५६ प्रतिशत र वित्त कम्पनीहरूको ४.३१ प्रतिशत रहेको छ। २०८२ असार महिनामा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ४.१९ प्रतिशत, विकास बैंकहरूको ४.८८ प्रतिशत र वित्त कम्पनीहरूको ६.०१ प्रतिशत रहेको थियो। त्यसैगरी, २०८३ असार महिनामा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ६.५५ प्रतिशत, विकास बैंकहरूको ७.७० प्रतिशत र वित्त कम्पनीहरूको ८.५५ प्रतिशत रहेको छ।

२०८२ असार महिनामा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ७.८५ प्रतिशत, विकास बैंकहरूको ८.९५ प्रतिशत र वित्त कम्पनीहरूको १०.२२ प्रतिशत रहेको थियो ।

वित्तीय पहुँच

७९. २०८३ असार मसान्तमा २० वाणिज्य बैंक, १७ विकास बैंक, १६ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक गरी जम्मा १०५ वटा बैंक तथा वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन् । २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरू (लघुवित्त वित्तीय संस्थासमेत) को शाखा सङ्ख्या ११,५२६ रहेकोमा २०८३ असार मसान्तमा ११,३३२ रहेको छ (तालिका ८) ।

तालिका ८: बैंक तथा वित्तीय संस्थाको सङ्ख्या तथा शाखा सङ्ख्या*

बैंक तथा वित्तीय संस्था	बैंक तथा वित्तीय संस्थाको सङ्ख्या			बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या		
	२०८१ असार मसान्त	२०८२ असार मसान्त	२०८३ असार मसान्त	२०८१ असार मसान्त	२०८२ असार मसान्त	२०८३ असार मसान्त
वाणिज्य बैंक	२०	२०	२०	५०५६	५०९९	४९४१
विकास बैंक	१७	१७	१७	११३५	११३२	१११२
वित्त कम्पनी	१७	१७	१६	२८८	२९१	२९४
लघुवित्त वित्तीय संस्था	५२	५२	५१	५०५१	५००४	४९८५
पूर्वाधार विकास बैंक	१	१	१	–	–	–
जम्मा	**१०७**	**१०७**	**१०५**	**११,५३०**	**११,५२६**	**११,३३२**

*यससम्बन्धी अद्यावधिक विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।

८०. २०८३ असार मसान्तमा 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थामा रहेका निक्षेप खाताहरूको सङ्ख्या ६ करोड ३४ लाख २५ हजार २९६ रहेको छ भने कर्जा खाताहरूको सङ्ख्या २० लाख ३१ हजार ३६४ रहेको छ (तालिका ९) ।

तालिका ९: बैंक तथा वित्तीय संस्थाको निक्षेप तथा कर्जा खाता सङ्ख्या

बैंक तथा वित्तीय संस्था	निक्षेप खाता सङ्ख्या		कर्जा खाता सङ्ख्या	
	२०८२ असार मसान्त	२०८३ असार मसान्त	२०८२ असार मसान्त	२०८३ असार मसान्त
वाणिज्य बैंक	५,०९,८६,१७१	५,४४,४९,५३९	१६,४४,५४५	१७,००,९३४
विकास बैंक	७४,७५,३४७	७८,८३,६७२	२,७१,०२७	२,६१,४४७
वित्त कम्पनी	९,६७,८४९	१०,९२,०८५	५०,९८६	६८,९८३
जम्मा	**५,९४,२९,३६७**	**६,३४,२५,२९६**	**१९,६६,५५८**	**२०,३१,३६४**

वित्तीय सबलता सूचक

८१. २०८३ असार महिनामा 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरूबाट प्राप्त प्रारम्भिक तथ्याङ्कअनुसार बैंक तथा वित्तीय संस्थाको औसत प्राथमिक पुँजी र पुँजीकोषको जोखिम भारित सम्पत्तिसँगको अनुपात क्रमशः ९.९५ प्रतिशत र १२.७६ प्रतिशत रहेको छ । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरूको खुद तरल सम्पत्ति तथा निक्षेपको अनुपात ३७.९१ प्रतिशत रहेको छ । २०८३ असार महिनामा बैंक तथा वित्तीय संस्थाहरूको निष्क्रिय कर्जा अनुपात ५.६६ प्रतिशत रहेको छ ।

विद्युतीय कारोबार

८२. २०८३ असार महिनामा डेबिट कार्ड प्रयोगकर्ताहरूले करिब १ करोड ६ लाख कारोबारमार्फत रु.८० अर्ब ८१ करोड बराबरको कारोबार गरेका छन् । त्यसैगरी, मोबाइल बैंकिङअन्तर्गत ८ करोड २६ लाख कारोबारमार्फत रु.६९६ अर्ब ९४ करोड कारोबार भएको छ । साथै, क्यु-आर कोड भुक्तानीअन्तर्गत ६ करोड ९६ लाख कारोबारमार्फत रु.१८९ अर्ब ९१ करोड कारोबार भएको छ ।

पुँजी बजार

८३. २०८२ असार मसान्तमा २७९४.७९ रहेको नेप्से सूचकाङ्क २०८३ असार मसान्तमा २५९७.८० कायम भएको छ ।

चार्ट ८: नेप्से सूचकाङ्क



स्रोत : नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से)

८४. २०८३ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.४४६३ अर्ब ५५ करोड कायम भएको छ । २०८२ असार मसान्तमा बजार पुँजीकरण रु.४६५६ अर्ब ९९ करोड रहेको थियो । २०८२ असार मसान्तमा बजार पुँजीकरण कुल गार्हस्थ्य उत्पादनको ७५.११ प्रतिशत रहेकोमा २०८३ असारमा ६७.६३ प्रतिशत रहेको छ ।

८५. २०८३ असार मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या ३०२ रहेको छ । सूचीकृत कम्पनीहरुमध्ये १३३ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ११० जलविद्युत् कम्पनी, २९ उत्पादन तथा प्रशोधन उद्योग, ९ होटल, ७ लगानी कम्पनी, ४ व्यापारिक संस्था र १० अन्य समूहका रहेका छन् । २०८२ असार मसान्तमा महिनामा सूचीकृत कम्पनीहरूको संख्या २७२ रहेको थियो ।

८६. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ५१.८ प्रतिशत रहेको छ । त्यसैगरी, जलविद्युत् कम्पनीको हिस्सा १७.५ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ८.४ प्रतिशत, लगानी कम्पनीको हिस्सा ६.७ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ४.२ प्रतिशत, होटेलको हिस्सा ३.२ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ८.३ प्रतिशत रहेको छ ।

८७. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८३ असार मसान्तमा सूचीकृत ९ अर्ब ५८ करोड शेयरको चुक्ता मूल्य रु.९४४ अर्ब ४ करोड रहेको छ ।

८८. आर्थिक वर्ष २०८२/८३ मा रु.५५ अर्ब ६६ करोड बराबरको साधारण शेयर, रु.४१ अर्ब ८५ करोड बराबरको बोनस शेयर, रु.२७ अर्ब ५० करोड बराबरको म्युचुअल फन्ड, रु.१६ अर्ब ८५ करोड बराबरको परिवर्तनीय अग्राधिकार शेयर, रु.१० अर्ब ७६ करोड बराबरको हकप्रद शेयर, रु.३ अर्ब ४५ करोड बराबरको डिबेन्चर, रु.९७ करोड बराबरको एफपीओ र रु.२ करोड बराबरको अन्य गरी कुल रु.१५७ अर्ब ६ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

८९. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.३९ अर्ब ३३ करोड बराबरको म्युचुअल फण्ड, रु.९ अर्ब १२ करोड बराबरको साधारण शेयर, रु.४ अर्ब ९४ करोड बराबरको हकप्रद शेयर, रु.२ अर्ब ६० करोडको डिबेन्चर र रु.५ करोडको एफपीओ गरी कुल रु.५६ अर्ब ३ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति दिएको छ ।

नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-५७१९६४१
वेबसाइट: www.nrb.org.np
इमेल: govfin@nrb.org.np